## सुनिलस्मृति गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ५ मितिः २०८२।०५।२६

## भाग-२

# सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः**

पूर्वाधार विकासको अभाव, तीव्र जनसंख्या वृद्धि, जनचेतनाको अभाव जस्ता कारणले शहरी क्षेत्रको फोहर व्यवस्थापन चुनौतीपूर्ण हुँदै गएको छ । परिणामस्वरुप पर्यावरणीय क्षयीकरण र प्रदूषण बढ्नुका साथै प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरु समेत जोखिममा छन् । नदी किनार, सडक किनार, मन्दिर, शिक्षण संस्थाहरु व्यापारिक तथा औद्योगिक प्रतिष्ठानहरु तथा निजि घर परिसरहरुमा

समेत खुल्ला फोहोर फाल्ने कार्यले सामाजिक क्षेत्रमा नकारात्मक परिणामहरु ल्याएको छ भने मानव स्वास्थ्यमा समेत गम्भिर असरको खतरा बढ्दै गएको छ । तसर्थ, फोहरमैलालाई श्रोतमा न्यूनीकरण, पुन: प्रयोग, प्रशोधन वा विसर्जन गरी व्यवस्थित गर्न वाञ्छनीय भएको तथा सरसफाई एवं फोहरमैला व्यवस्थापन गर्ने विषय नेपाल सरकारले प्रतिबद्धता गरेको दिगो विकासको लक्ष्य समेत भएको सन्दर्भमा सुनिलस्मृति गाउँ कार्यपालिकाले वातावरण तथा प्राकृतिक श्रोत संरक्षण र उपयोग ऐन, २०८२ को दफा ६६ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सरसफाई तथा फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि प्रचलित सङ्घीय कानूनले गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने भनी तोकिएको विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना कार्यान्वयन गर्ने सरकारी,

अर्धसरकारी, गैर सरकारी, समुदायमा आधारित संस्था र व्यक्ति वा कम्पनीको हकमा समेत लागू हुनेछ ।

(३) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. <u>**परिभाषा**</u>ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा, -

(क) **"फोहरमैला"** भन्नाले घरेलु फोहरमैला, औद्योगिक फोहरमैला, रासायनिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला सम्झनु पर्छ र सो शव्दले तत्काल प्रयोग हुन नसक्ने अवस्थामा रहेको, फालिएको वा सडेगलेको वातावरणमा ह्रास आउने गरी निष्काशन गरिएको तरल, ठोस, ग्यास, लेदो, धुवाँ, धुलो, विद्युतिय तथा सूचना प्रविधिका लागि प्रयोग भएका लगायतका पदार्थ वा त्यस्तै प्रकारका अन्य वस्तुहरु वा अनाधिकृत रुपमा सार्वजनिक स्थलमा टाँसिएको पोष्टर, पम्प्लेट तथा गाउँ कार्यपालिकाको कार्यालयले समय समयमा

सूचना प्रकाशन गरी फोहरमैला भनि तोकिदिएका अन्य वस्तु समेतलाई सम्झनु पर्छ ।

(ख) **"स्वास्थ्य संस्थाजन्य फोहरमैला"** भन्नाले अस्पताल, क्लिनिक, फार्मेसी, औषधी पसल, ब्लड बैङ्क, प्याथोलोजिकल प्रयोगशाला, पशु स्वास्थ्यजन्य संस्था वा स्वास्थ्य अनुसन्धान केन्द्रबाट उत्पादन तथा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(ग) **"हानिकारक फोहरमैला"** भन्नाले प्राकृतिक वातावरण ह्रास ल्याउने, मानव तथा अन्य प्राणीको स्वास्थ्यमा हानि नोक्सानी पुऱ्याउने विभिन्न रुपमा निष्काशन हुने हानिकारक फोहरमैला सम्झनु पर्छ ।

(घ) **"प्रदुषण"** भन्नाले फोहरमैलाबाट निस्कने ठोस, तरल वा ग्यास बस्तुको संयोजनबाट वातावरणमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपले प्रभाव पारी वातावरणमा उल्लेखनीय ह्रास ल्याउने, क्षति पुऱ्याउने वा वातावरणको लाभदायी वा उपयोगी प्रयोजनमा हानी

नोक्सानी पुऱ्याउने क्रियाकलापलाई सम्झनु पर्छ ।

(ङ) **"प्रशोधन"** भन्नाले फोहरमैलाको रुप वा गुणमा परिवर्तन गरी अन्य कुनै उपयोगी वस्तु तयार गर्ने मल, ग्यास, उर्जा वा अन्य वस्तु उत्पादन गरी फोहोरमैलाको व्यवस्थापन गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(च) **"कार्यालय"** भन्नाले गाउँपालिकाको कार्यालय भन्ने सम्झनु पर्छ र यो शव्दले गाउँपालिकाको प्रशासनिक संगठनात्मक स्वरुपको रुपमा स्थापना गरिएका वडा कार्यालयहरु समेतलाई बुझाउँदछ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ज) **"वडा"** भन्नाले सुनिलस्मृति गाउँपालिकामा रहेका वडाहरुलाई सम्झनु पर्छ ।

(झ) **"उपशाखा"** भन्नाले सुनिलस्मृति गाउँपालिका पर्यटन प्रवर्द्धन, वन, वातावरण तथा विपद् व्यवस्थापन उपशाखालाई सम्झनु पर्छ ।

(ञ) **"प्रशोधन स्थल"** भन्नाले फोहरमैलालाई प्रशोधन गरी मल, ग्यास, उर्जा वा अन्य

वस्तु उत्पादनका लागि कार्य संचालन गर्ने स्थान सम्झनु पर्छ ।

(ट) **"विसर्जन"** भन्नाले फोहरमैलाको अन्तिम निष्काशन तथा व्यवस्थापन सम्झनु पर्छ ।

(ठ) **"क्लस्टर"** भन्नाले फोहरमैला व्यवस्थापनका लागि गाउँपालिका क्षेत्रलाई वडागत वा भौगोलिक हिसावले खण्ड खण्ड बनाई तोकिएको अलग अलग कार्यक्षेत्रलाई सम्झनु पर्छ ।

(ड) **"साझेदार संस्था"** भन्नाले फोहरमैला व्यवस्थापनका लागि गाउँपालिकाले जिम्मा दिएको निजी क्षेत्रलाई सम्झनु पर्छ ।

(ढ) **"टोल विकास संस्था"** भन्नाले सुनिलस्मृति गाउँपालिकामा गठन भएका टोल विकास संस्थाहरुलाई सम्झनु पर्छ ।

## परिच्छेद — २

## सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी व्यवस्था

**३. सरसफाइ तथा फोहरमैला व्यवस्थापन कार्यक्रमका उद्देश्यहरुः**

(क) सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरी समुदायलाई फोहरमैला व्यवस्थापन क्रियाकलापमा सक्रिय सहभागी गराउने ।

(ख) विभिन्न प्रकारका फोहरहरुलाई घर तथा सामुदायिक स्तरमै कम्पोष्ट मल बनाउने तथा पुनर्चक्रीय प्रयोगलाई प्रवर्द्धन गर्ने ।

(ग) पर्यावरण संरक्षण, सरसफाई तथा फोहरमैला व्यवस्थापनको अनुसन्धान कार्यक्रमहरु नवीनतम तरिकाले संचालन तथा प्रवर्द्धन गर्ने ।

(घ) विभिन्न माध्यमबाट फोहर व्यवस्थापनको लागि समुदायको क्षमता वृद्धि गर्ने ।

(ङ) वृक्षारोपण, जैविक खेती, कौसी खेती जस्ता कार्यहरु संचालन र प्रवर्द्धन गर्ने ।

(च) फोहरमैला व्यवस्थापनको क्षेत्रमा रोजगारीका अवसरहरु सृजना गर्ने ।

(छ) प्रतिवेदन, पुस्तकहरु, शैक्षिक तथा जानकारीमुलक सामग्रीहरुको माध्यमबाट प्रचार प्रसार गर्ने ।

(ज) हरेक वडामा नर्सरी संचालन गर्न समुदायलाई अभिप्रेरित गर्ने ।

(झ) जागरणका लागि उपशाखाको र साझेदार निकायको समन्वय र वडा कार्यालयको अगुवाईमा विद्यालय, स्वास्थ्य संस्था, सामाजिक संघ संस्थाहरु तथा टोल विकास संस्थाहरुलाई परिचालन गर्ने ।

(ञ) घर कम्पाउण्डबाट मात्र फोहरमैला संकलन तथा व्यवस्थापन सम्बन्धी सेवा सबै क्षेत्रमा लागु गर्ने ।

(ट) फोहरमैला संकलनको प्रभावकारिता वृद्धि गरी आफ्नो कार्यक्षेत्रको सडक किनाराको सौन्दर्यता अभिवृद्धका साथै हरित सडकको अवधारणा कार्यान्वयन गर्ने ।

(ठ) सरसफाइ र फोहरमैला व्यवस्थापन सम्बन्धमा मानिसहरुको व्यवहार तथा प्रवृत्तिमा परिवर्तन ल्याउने ।

(ड) फोहरमैलाको उत्पादनलाई श्रोतमै कमी गराउने, छुट्टायाइएको फोहरलाई घर-घर मै कम्पोस्ट मल बनाउन प्रोत्साहन गर्ने र सामुदायिक कम्पोस्ट प्लान्टको समेत स्थापना गरी संचालन गर्ने, कम्पोस्ट मल उत्पादनलाई स्थानीय कृषकहरुसम्म पुऱ्याउन सहजीकरण गर्ने ।

# परिच्छेद — ३

## फोहरमैला व्यवस्थापन तथा सरसफाई कार्यक्रम सञ्चालनका लागि अनुमति सम्बन्धी व्यवस्था

४. **अनुमति लिई सरसफाइ सम्बन्धी कार्य संचालन गर्ने** : गाउँपालिका क्षेत्रभित्र कुनैपनि संस्था, कम्पनी वा फर्मले फोहरमैला व्यवस्थापन तथा सरसफाइ सम्बन्धी कार्यक्रम संचालन गर्नु अघि यस कार्यविधि बमोजिम गाउँपालिकाबाट स्वीकृति लिई तोकिए बमोजिम गर्नुपर्नेछ ।

५. **साझेदार संस्थासँग रहनपर्ने संसाधनहरु**: फोहोरमैला व्यवस्थापन, प्रदुषण नियन्त्रण, सरसफाइ तथा वातावरणीय सुधारको क्षेत्रमा कार्यरत रही कम्तीमा ५ (पाँच) वर्षको अनुभव भएको संस्था, कम्पनी वा फर्मसँग सहकार्य गर्न सकिनेछ । संस्थाको व्यवस्थापनसँग फोहोरमैला व्यवस्थापनको लागि कम्तीमा निम्न संख्यामा संसाधन रहेको हुनुपर्नेछ ।

- मानव शक्ति : १० जना
- ब्याक-हो लोडर (डोजर) : १ थान
- टिपर : १ थान

- घरदैलो संकलनमा प्रयोग हुने मझौला टिपर: १ थान
- रिक्सा: ३ थान
- आवश्यक संख्यामा: औजार तथा उपकरणहरु
- फोहरमैला विसर्जन गर्ने स्थान तथा अनुमती पत्र
- कम्तीमा एक वटा गाडि साझेदार संस्था स्वयंको हुनु पर्ने ।

## परिच्छेद — ४

## सरसफाई तथा फोहरमैला व्यवस्थापन कार्यान्वयन विधि सम्बन्धी व्यवस्था

६. **फोहरमैला व्यवस्थापनका लागि कार्यान्वयन विधिः** स्थानीय सरकार संचालन ऐन, २०७४, फोहरमैला व्यवस्थापन ऐन, २०६८, वातावरण संरक्षण ऐन, २०७६, सुनिलस्मृति गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण र उपयोग ऐन, २०८२ लगायत अन्य सम्बन्धित ऐन समेतका आधारमा सुनिलस्मृति गाउँपालिका क्षेत्रभित्र सरसफाइ तथा फोहरमैला व्यवस्थापनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**(क) फोहरमैला संकलन, ढुवानी र व्यवस्थापन** : घर, पसल, होटल, रेस्टुरेन्ट, विद्यालय, कलकारखाना आदिबाट निस्कने फोहरलाई उत्पादस्थलमै बर्गिकरण गरी जैविक र अजैविक फोहोरलाई छुट्टाछुट्टै संकलन तथा व्यवस्थापन गरिनेछ।

**(ख) सडक तथा सार्वजनिक स्थलहरुको सरसफाइ:** कार्यक्षेत्र भित्र पर्ने सडक, गल्ली, खोला किनार, चौर, मन्दिर, पाटी जस्ता सार्वजनिक स्थलहरु सफा राख्ने, राख्न लगाउने दायित्व गाउँपालिका तथा नागरिकको हुनेछ । सडक बढार्ने कार्य गर्दा मुख्य सडकमा दैनिक र अन्यमा आवश्यकता हेरी एक दिन बिराएर, हप्तामा २ दिन, साप्ताहिक, पाक्षिक वा मासिक हिसाबले समय तालिका तोकी बढार्न सकिनेछ ।

**(ग) जनचेतना अभिवृद्धि तालिम:** गोष्ठि, अन्तरक्रिया ऱ्याली, माइकिङ जस्ता जनचेतना अभिवृद्धिका कार्यक्रम र तालिमहरु संचालन गरी टोलबासीहरुलाई स्थानीय सरसफाइ कार्यमा उत्प्रेरित र क्रियासिल बनाउने ।

**(घ) हरियाली विकास:** ल्यान्डफिल क्षेत्र र कम्पोष्ट क्षेत्र वरिपरि तथा संभावित सार्वजनिक स्थलहरुमा समेत उपयुक्त जातका रुख विरुवाहरु र फुलहरु रोपी हरियाली विकास गर्दै गाउँपालिकाको सौन्दर्यता विकास गर्ने ।

**(ङ) फोहरमैला वर्गीकरण:** जैविक र अजैविक फोहरमैला अलग अलग राख्ने कार्यलाई पूर्ण व्यवाहारिक बनाई पुन:चक्रिय प्रयोगलाई प्रोत्साहित गर्ने ।

**(च) सुइरो कार्यक्रम:** कार्यक्षेत्रलाई प्लास्टिक रहित बनाउनको लागि सहरी क्षेत्रका सबै घरमा सुइरो प्रयोग गरी संकलित प्लाष्टिकको पुन:प्रयोग वा विक्रि अभियान सञ्चालन गर्ने ।

**(छ) कम्पोस्टिङ तथा पुन:प्रयोग:** जैविक फोहरबाट समुदायस्तरमा स्तरीय कम्पोस्ट मल बनाउने तथा फोहरको पुन:प्रयोगका लागि इच्छुक परिवारका सदस्यलाई ज्ञान सीप उपलब्ध गराई घरघरमा समेत कम्पोष्ट उत्पादन गर्न प्रोत्साहित गर्ने । निजी क्षेत्र, प्रभावित क्षेत्रका नागरिक र गाउँपालिकाको संयुक्त साझेदारीमा प्राङ्गारिक मल उत्पादन गर्ने ।

**(ज) सफा सहर, सबैको रहर:** अभियानको रुपमा संचालन गर्ने ।

**(झ) समुदायको परिचालन:** गाउँपालिका क्षेत्र भित्रको फोहरमैला व्यवस्थापन र सरसफाइलाई प्रभावकारी बनाउन सामाजिक संघ संस्था, टोल विकास संस्था, स्थानीय क्लवहरु, गैरसरकारी क्षेत्र, नीजि क्षेत्र र अन्य सरोकारवाला सबैलाई परिचालन गरी सरसफाइ तथा फोहरमैला व्यवस्थापनमा नमुना गाउँपालिकाको रुपमा स्थापित गर्न अभियान संचालन गर्ने ।

**(ञ) शून्य फोहर:** शून्य फोहरको अवधारणा अनुरुप अगाडी बढ्ने ।

**(ट) प्लाष्टिक मुक्त शहर:** तोकिएको मापदण्ड नपुगेका वातावरणमा नकरात्मक असर पार्ने प्लास्टिक विक्रि वितरण र प्रयोग नगर्ने, नगराउने ।

**(ठ) सार्वजनिक क्षेत्रको सरसफाइ:** आफ्नो टोल भित्रको सार्वजनिक क्षेत्र (जस्तै: सडक, नाला, गल्ली, फुटपाथ, खोला, नदी, बगर, नहर, खेत बारी, कान्ला, वन तथा चौर आदी) मा सड्ने तथा

नसड्ने खालका फोहर एवं खुल्ला दिसा (मान्छे तथा कुकुरको) नरहने अवस्था हुनु पर्दछ ।

**(ड) टोलको सरसफाइ:** टोल विकास संस्था वा समुदायका सदस्यहरुले फोहरमैला व्यवस्थापनका लागि तोकिएको संस्थासँगको समन्वयमा वडा कार्यालय समेतलाई सुचना गरी कम्तीमा महिनाको एक पटक आफ्नो समुदायको क्षेत्रभित्र सामुहिक रुपमा सरसफाइ अभियान संचालन गर्नेछन् । त्यस्तो संचालित अभियानको अभिलेख अनिवार्य रुपमा वडा कार्यालय र फोहरमैला व्यवस्थापनमा खटिएको संस्थाले राख्ने छ ।

**(ढ) घर आँगन र सो बाहिरको सडकको सरसफाइ:** प्रत्येक घरले आफ्नो घर आँगन सफा राख्ने र राख्न लगाउनु पर्नेछ । आफ्नो आँगन बाहिरको घरको क्षेत्रसँगै रहेको सडक समेत नियमित रुपमा सरसफाइ गर्नु गराउनु पर्नेछ ।

**(ण) घर बाहिर निश्कासन गरिने फोहर:** घरबाट निश्कासन हुने फोहर सडक, पेटी, सार्वजनिक स्थल जस्ता स्थानमा जम्मा नगरी सिधै फोहर संकलन गर्न आउने सवारी साधनमा राख्ने, राख्न लगाउने ।

## ७. <u>गाउँपालिकाले गर्नेः</u>

**(क)** ल्यान्डफिल्ड र कम्पोस्ट प्लान्टका लागि उपयुक्त स्थानमा जग्गा पहिचान र एकिन गरी आवश्यकतानुसार पूर्वाधार विकास सम्बन्धी कार्य गर्ने ।

**(ख)** सार्वजनिक स्थलमा फोहरमैला फ्याक्न नपाउने र फोहर गरेमा हुने सजाय सहितको सूचना जारी गर्ने ।

**(ग)** गाउँपालिकामा रहेका ढुवानी साधनलाई साझेदारीमा कार्य गर्दाका बखत आपसी सहमतिबाट परिचालन गर्ने ।

**(घ)** तत्कालको व्यवस्थापनका लागि साझेदारीको अवधारणा अनुरुप कार्य गर्दा आपसी छलफलबाट निक्र्यौल गरिए अनुसार प्रक्रिया अगाडि बढाउने । दीर्घकालीन समाधानका लागि अध्ययन गरी गाउँपालिकाले आवश्यक प्रक्रिया अगाडि बढाउने ।

**(ङ)** सम्पादित कामको अनुगमन तथा मूल्यांकनबाट प्राप्त पृष्ठपोषणका आधारमा आवश्यक सुधारात्मक उपाय अपनाउने ।

**(च)** समय समयमा निर्देशन दिई सरसफाई तथा फोहरमैला व्यवस्थापनलाई सहज बनाउन आवश्यक भूमिका बहन गर्ने ।

**(छ)** सुचनालाई अटेर गरी अनाधिकृत रुपमा फोहरमैला फ्याक्नेलाई फोहरमैला व्यवस्थापन ऐन, २०६८ तथा सुनिलस्मृति गाउँपालकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण र उपयोग ऐन, २०८२ बमोजिम दण्ड गर्ने र फोहरमैला संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने व्यक्ति/संघ, संस्थाको पहिचान गरी प्रोत्साहनको व्यवस्था गर्ने ।

**(ज)** घरदैलो फोहोरमैला संकलनको सेवा वापत सदस्यता अनिवार्य लिनुपर्ने गरी आवश्यक सहजीकरण गर्ने ।

**(झ)** प्रत्येक वडामा वडा कार्यालयको अगुवाई र संलग्न साझेदार वा जिम्मेवार संघ संस्थाको समन्वयमा वडा लगत संकलन गरी सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी जागरण ल्याउने कार्यक्रमहरु संचालन गर्ने ।

**८. <u>समुदाय/टोल विकास संस्थाको जिम्मेवारीः</u>**

**(क)** कुनै पनि सार्वजनिक स्थानमा फोहरमैला नफ्याक्ने, फ्याक्न नदिने ।

**(ख)** जैविक र अजैविक फोहरलाई स्रोतमै वर्गीकरण गर्ने गराउने ।

**(ग)** घरको फोहरलाई घरमै व्यवस्थित गर्न गाउँपालिकाबाट चालिएको अभियानलाई सहयोग गर्ने ।

**(घ)** फोहरमैला सरसफाइ तथा व्यवस्थापनमा संलग्न भएका जिम्मेवार निकायको कार्य प्रभावकारी नभएमा तुरुन्त वडा कार्यालयमा सम्पर्क गरी सुचना दिने ।

**(ङ)** समय समयमा वडा कार्यालयले दिएको सुचना बमोजिम कार्य गर्ने ।

**(च)** फोहर संकलनमा खटिई आउने ढुवानी साधनमा मात्र फोहर उपलब्ध गराउने ।

**(छ)** तोकिए बमोजिमको सदस्यता कार्ड लिई मासिक सेवा शुल्क भुक्तानी गर्ने ।

**(ज)** सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी सार्वजनिक कार्यक्रममा अनिवार्य सहभागी हुने र अरुलाई पनि सहभागी हुन आह्वान गर्ने ।

**(झ)** समय समयमा गाउँपालिका कार्यालयले प्रकाशित गरेको सूचना बमोजिम गर्ने र गराउने ।

९. **साझेदार संस्थाको दायित्वः**

**(क)** समयतालिका मिलाई फोहर संकलन सम्बन्धी कार्य गर्ने ।

**(ख)** फोहर संकलन गरी प्रशोधन केन्द्रसम्म लैजाँदा फोहर बोक्ने सवारी साधन ढक्कन सहितले ढाकिएको अवस्थामा हुनुपर्नेछ ।

**(ग)** वडा कार्यालयको अगुवाईमा हुने सरसफाइ तथा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको समन्वय गरी संचालन गर्नु पर्नेछ ।

**(घ)** फोहरलाई स्रोतमै वर्गीकरण गरी घर घरमै सदुपयोग गरी फोहर घटाउने तौर तरिकाहरु समुदाय तथा घरघरमा सिकाउनु पर्नेछ ।

**(ङ)** सम्पादित कार्यको प्रभावकारिताको अनुगमन तथा मूल्याङ्कन गर्दा प्राप्त पृष्ठपोषणका आधारमा वडा कार्यालय र गाउँपालिकाले समय समयमा दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्नेछ ।

**(च)** प्रशोधन केन्द्रमा लामो समय फोहर नराखी सम्बन्धित विसर्जन स्थलसम्म यथाशिघ्र पुऱ्याउनु पर्नेछ ।

**(छ)** सार्वजनिक स्थलमा देखिएको फोहरलाई अविलम्व हटाई त्यस्तो स्थानमा फोहर गर्ने व्यक्ति वा संस्थालाई आवश्यक कारवाहीका लागि गाउँपालिकामा यकिन प्रतिवेदन सहित पेश गर्नु पर्नेछ ।

**(ज)** सार्वजनिक क्षेत्रका स्थलहरु सधैं फोहरमुक्त हुनुपर्नेछ ।

**(झ)** गाउँपालिकावासीहरु फोहर व्यवस्थापनका लागि जिम्मेवार छन् भन्ने सन्देश प्रवाह हुने गरी कार्य संचालन गर्नु पर्नेछ ।

**(ञ)** बोटबिरुवा लगाई घर तथा सडक हरियालीयुक्त बनाउन गाउँपालिकाको अभियानलाई सफल बनाउन आवश्यक सहयोग गर्नु पर्नेछ ।

## परिच्छेद — ४

## सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी कसुरको व्यवस्था

**१०. सरसफाइ तथा फोहरमैला व्यवस्थापन सम्बन्धी कसूर गरेको मानिने :**

**(क)** गाउँपालिकाले तोकिदिएको समय र स्थान बाहेक अन्यत्र फोहरमैला निष्काशन गरेमा ।

**(ख)** कन्टेनर वा फोहरमैला संकलन केन्द्रमा राखिएका फोहरमैला अनाधिकृत तवरले प्रयोग गरेमा ।

**(ग)** फोहरमैला संकलन केन्द्रमा राखिएका कन्टेनर तोडफड गर्ने,क्षति पुऱ्याउने, राखिएको स्थानबाट हटाएमा वा संकलन केन्द्रमा कुनै नोक्सान पुऱ्याएमा ।

**(घ)** अनुमति नलिई फोहरमैला व्यवस्थापन कार्य गरेमा ।

**(ङ)** फोहरमैला व्यवस्थापनका लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरु उलंघन गरेमा ।

**(च)** फोहरमैला संकलन केन्द्र, कन्टेनर वा फोहरमैला थुपार्ने ठाउँमा कुनै पनि प्रकारका हानिकारक पदार्थ फालेमा, राखेमा वा थुपारेमा ।

**(छ)** घर, कम्पाउन्ड तथा परिसरका फोहरमैला सडक वा अन्य सार्वजनिक स्थानमा राखेमा, फालेमा वा थुपारेमा ।

**(ज)** फोहरबाट निस्केका दूषित पानी (लिचेट) वा ढल चुहाई, अन्य व्यक्तिको घर वा जग्गा प्रदुषित गराएमा ।

**(झ)** सडक वा अन्य सार्वजनिक स्थानमा सरसफाइ तथा फोहरमैला संकलन गर्न गाउँपालिकाले तोकेको समय वा सफाइ गर्दाका समयमा त्यस्ता ठाउँमा कुनै पनि किसिमका सवारी

साधन विसाउन वा विसाई राखेका सवारी साधन हटाउन इन्कार गरेमा ।

**(ञ)** गाउँपालिकाले तोकेका ठाउँमा बाहेक जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने गरी सडक वा अन्य सार्वजनिक स्थानमा कुनैपनि किसिमका हानिकारक फोहरमैला राखेमा, फालेमा, थुपारेमा वा निष्काशन गरेमा ।

**(ट)** रासायनिक फोहरमैला, औद्योगिक फोहरमैला, स्वास्थ्य संस्थाजन्य फोहरमैला वा हानिकारक फोहरमैला जथाभावी फालेमा, राखेमा वा निष्काशन गरे वा गराएमा ।

**(ठ)** औद्योगिक प्रतिष्ठान वा स्वास्थ्य संस्थाले उद्योग वा स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहरमैला जथाभावी फालेमा, राखेमा वा निष्काशन गरे वा गराएमा ।

**(ड)** फोहरमैला संकलन, ढुवानी तथा फोहरमैला व्यवस्थापनमा बाधा अवरोध सृजना गरेमा ।

**(ढ)** फोहरमैला संकलन, ढुवानी तथा अन्तिम निष्काशन स्थलमा अवरोध, बन्द, घेराउ गरेमा वा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यमा हडताल गरेमा ।

**(ण)** फोहरमैला अत्याधिक उत्पादन हुने बस्तु भनी नेपाल सरकारले राजपत्रमा सुचना प्रकाशन गरी प्रतिबन्ध लगाएका कुनै वस्तुको उत्पादन वा बिक्रि वितरण गरेमा ।

**(त)** प्रचलित कानून विपरित रासायनिक विषादीको आयात गर्न वा म्याद नाघेका (समयावधि सकिएको) औषधी नष्ट गर्ने जिम्मेवारी पुरा नगरेमा ।

**(थ)** स्रोतमै फोहरमैला वर्गिकरण नगरी फोहरमैला मिसाएर निष्काशन गरेमा ।

**(द)** मरेका वा मारेका पशुपंक्षी र सोको लादी, प्वांख, हड्डी तथा माछ्राका कत्ला, आदि सार्वजनिक स्थल, सडक, गल्ली, चोकमा राखेमा वा थुपारेमा ।

## परिच्छेद — ५
## सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी कसुरमा सजायको अवस्था

**११. <u>दफा १० को कसूरमा हुने सजाय सम्बन्धी व्यवस्था</u>** : (१) खण्ड (क) बमोजिमको कसूर गर्ने व्यक्तिलाई गाउँपालिकाले पहिलो पटक भए पाँच हजार रुपैयाँ

सम्म जरिवाना, दोस्रो पटक सोही कसुर गरेमा पाँच हजार रुपैयाँ देखि दश हजार रुपैयासम्म जरिवाना र सोही कसूर तेस्रो वा सोभन्दा वढी पटक गरेमा प्रत्येक पटकका लागि पन्ध्र हजार रुपैयाँका दरले जरिवाना गरी फोहरमैला उठाउँदा लाग्ने खर्च समेत निजबाट असूल उपर गर्न सक्नेछ ।

(२) खण्ड (ख) र (झ) बमोजिमको कसुर गर्नेलाई गाउँपालिकाले पाँच सय रुपैयादेखि पाँच हजारसम्म जरिवाना गर्न सक्नेछ ।

(३) खण्ड (ग) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयाँसम्म जरिवाना गरी कण्टेनर वा संकलन केन्द्र व्यवस्थापन गर्न लाग्ने खर्च असुल उपर गर्न सक्नेछ ।

(४) खण्ड (घ) र (ङ) बमोजिमको कसूर गर्नेलाई पन्ध्र हजार रुपैयाँ देखि पचास हजार रुपैयासम्म जरिवाना गरी अनुमति नलिएसम्म त्यस्ता कार्य गर्नलाई रोक लगाउनेछ ।

(५) खण्ड (च) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ र त्यस्ता वस्तु वा पदार्थबाट कुनै क्षति भईसकेको भए त्यस्तो क्षति

बापतको रकम समेत कसूरदारबाट असूल उपर गर्ने सक्नेछ ।

(६) खण्ड (छ) (ज) र (द) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैयाँ देखि पन्ध्र हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(७) खण्ड (ञ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले तीसहजार रुपैयाँ देखि पचास हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

(८) खण्ड (ट) (ठ) र (त) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पचास हजार रुपैया देखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।सोही कसूर पुन: गरेमा पहिलो पटक गरेको जरिवानाको दोब्बर जरिवाना गरी प्रचलित कानून बमोजिम अनुमति रद्द गर्नका लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

(९) खण्ड (ड) र (ढ) बमोजिमको कसूर गर्नेलाई गाउँपालकाले दश हजार रुपैया देखि पचास हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(१०) खण्ड (ण) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले पाँच हजार रुपैया देखि दश हजार रुपैयाँसम्म जरिवाना गर्न सक्नेछ ।

(११) खण्ड (थ) बमोजिमको कसूर गर्नेलाई गाउँपालिकाले प्रत्येक पटक पाँच सय रुपैया जरिवाना गर्न सक्नेछ ।

१२. **<u>सेवा सुविधा रोक्का गर्न सकिने</u>**: तोकिएको सेवा शुल्क नबुझाउने वा बुझाउन अटेर गर्ने व्यक्तिलाई गाउँपालिकाले उपलब्ध गराउने कुनै सेवा सुविधाको अतिरिक्त विद्युत तथा टेलिफोन सेवा रोक्का गरिदिन तथा निजका नामका घर जग्गा विक्रि रोक्का गर्नका लागि गाउँपालिकाले सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ तर यसरी लेखी पठाउनु अघि सम्बन्धित व्यक्तिलाई सो सम्बन्धमा लिखित रुपमा जानकारी दिईनेछ ।उक्त व्यहोरा लेखी आएमा त्यस्ता सेवा सुविधा रोक्नु सम्बन्धित निकायको कर्तव्य हुनेछ ।

१३. **<u>सरसफाइ तथा फोहर व्यवस्थापन शुल्क</u>**: सरसफाई तथा फोहरमैला व्यवस्थापन सम्बन्धी क्रियाकलापहरु संचालन गर्दा सेवाग्राहीहरुले देहाय बमोजिमको क्षेत्रहरु मध्ये गाउँपालिकाले तोकेको क्षेत्रमा प्रचलित आर्थिक ऐनले तोकेको सेवा शुल्क तिर्नु पर्नेछ ।

| क्र.सं. | क्षेत्रगत विवरण |
|---|---|
| १ | घरधुरी (५ जना सम्मको परिवार भएको) |
| २ | घरधुरी (५ भन्दा वढी परिवार भएको) |

| | |
|---|---|
| ३ | एक परिवार भन्दा बढी बसोबास गर्ने घरको प्रति भान्छा थप |
| ४ | चिया, किराना पसल लगायत अन्य खुद्रा पसल |
| ५ | मासुजन्य पसल (सानो) |
| ६ | डिपार्टमेन्ट स्टोर लगायत थोक विक्रेता पसल |
| ७ | मासुजन्य पसल (ठुलो) |
| ८ | मु.अ.करमा दर्ता भएको होटल/रिसोर्ट |
| ९ | रेष्टुरेन्ट |
| १० | गेष्ट हाउस/रिसोर्ट/होटल |
| ११ | मठ, मन्दिर, चैत्य, मस्जिद |
| १२ | गुम्वा |
| १३ | गुम्बा (आवास गृह सहित) |
| १४ | अपार्टमेन्ट, कोलोनी, हाउजिङ |
| १५ | बधशालाहरु |
| १६ | सामाजिक पिकनिक स्थलहरु (सम्बन्धित पक्ष तथा ठेकदारसँग) |
| १७ | अन्य ठुला कलकारखानाहरु |
| १८ | हस्पिटल (जोखिमयुक्त फोहोरहरु बाहेक) |

| | |
|---|---|
| १९ | औषधी तथा औषधिजन्य पसल (जोखिमयुक्त फोहरहरु बाहेक) |
| २० | पोलिक्लिनिक (जोखिमयुक्त फोहरहरु बाहेक) |
| २१ | हार्डवेयर, रङरोगँन, बत्ति, अटोपार्टस |
| २२ | अन्य सामान्य व्यवसायिक पसल |
| २३ | फुलमाला तथा नरिवल प्रसादी पसल |
| २४ | मन्दिर परिसरमा रहेका फेन्सी/फोटो स्टुडियो/गेडागुडि/मौसमी तरकारी |
| २५ | संस्थागत विद्यालय/क्याम्पस |
| २६ | संस्थागत विद्यालय/क्याम्पस (होस्टेल सहित) |
| २७ | बैङ्क तथा वित्तिय संस्था |
| २८ | सरकारी विद्यालय |
| २९ | सरकारी कार्यालयहरु |
| ३९ | पार्टी प्यालेस |

१४. **अन्य व्यवस्थाहरुः** (१) माथि उल्लेख भएका भन्दा अन्यको हकमा फोहर उत्सर्जनको मात्राको आधारमा गाउँपालिका र सेवाग्राही बिचको सहमतिमा निर्धारण गरिनेछ ।

(२) अस्पतालजन्य (हानिकारक) फोहरमैला अस्पताल आफैले व्यवस्थापन गर्नुपर्नेछ । तर निर्मलीकरण गरेको फोहरमैला भएमा उत्सर्जनको मात्रा अनुसार आपसी सहमतिमा दररेट निर्धारण गरिनेछ । मूल्यवृद्धिसँगै शुल्क समायोजन गर्दै जानुपर्ने हुँदा प्रत्येक २ बर्षमा न्यूनतम १५% ले शुल्क वृद्धि हुन सक्नेछ ।

**<u>१५. बाधा अडकाउ फुकाउन सक्ने:</u>** यो कार्यविधिको कार्यान्वयको क्रममा कुनै बाधा अड्चन आएमा कार्यपालिकाले त्यस्तो बाधा अडकाउ फुकाउन सक्नेछ ।

**<u>१६. खारेजी र बचाउ :</u>** सुनिल स्मृति गाउँपालिकाको फोहर व्यवस्थापन तथा वातावरण, स्वास्थ्य, सरससफाई कार्यविधि, २०७५ खारेज गरेको छ । सो कार्यविधि बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले
नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत